**प्रश्न नं. ६७**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ८०५२ देखि ८१७३ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

कामसिंह माझीको जाहेरीले नेपाल सरकार

बिरुद्ध

**रामेछाप जिल्ला, राकाथुम  गाउपालिका वडा नं १ बस्ने केदार माझी**

मुद्दाः-ज्यान सम्वन्धी कसूर

**१)** मिति २०७५।८।६ गते दिउँसो १२ बजेको समयमा राकाथुम १ स्थित खैरनी सुनकोसी नदी किनारामा मेरी श्रीमती चमेली माझी आफनै पसलमामा बसीरहेको अवस्थामा केदार माझीले श्याम माझीसँग झगडा गरी चौतारोमा बसेकी मेरी श्रीमतीलाई डुङ्गा चलाउने बहनाले(लट्ठी) मेरी श्रीमतीलाई टाउको तथा पेटमा प्रहार गरी घटनास्थलमा नै श्रीमतीको मृत्यु भएकोले निज केदार माझीलाई पक्राउ गरी कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको मृतकका पति कामसिंह माझीको जाहेरी दरखास्त ।

२)  राकाथुम १ खैरनी स्थित पूर्व सिंचाई कुलो, पश्चिम सुनकोसी नदी, उत्तर मोटर बाटो र दक्षिण टोकलाबहादुरको खेतको चार किल्लाभित्र मृतकको लास रहेको, टाउकोमा पछ्यौरा, कानमा टप, नाकमा बुलाकी, घाटीमा पोतेसमेत लगाएकी महिला मृत अवस्थामा रहेको, पूर्व खुट्टा र पश्चिम टाउको उत्तानो अवस्थामा रहेको भन्नेसमेत व्यहोराको घटनास्थल लास जाँच प्रकृति मुचुल्का र सोही स्थानमा २ इन्च मोटाई १.२५ से.मी. लम्बाई भएको -याफ्टिङ्ग चलाउने बहना (लट्ठी) बरामद गरी लगेको भन्नेसमेत व्यहोराको बरामदी मुचुल्का ।

३) Cause of death is due to cervical injury massive internal haemorrhage भन्ने व्यहोराको पोष्टमार्टम  रिपोर्ट ।

४) सुनकोसीमा डुङ्गा तरी रामेछापतर्फ आएपछि मलाई डुङ्गा चलाउने श्याम माझीले मुख छोडी ढुङ्गाले हानेपछि निजलाई कुटपीट गरी निजको डुङ्गाको बहना बोकी सो ठाउँबाट अं.५० मिटर टाढा रहेको पिपलको चौतारोमा पुग्दा मृतक त्यही रहिछिन् र निजले मलाई तिमीहरू किन झगडा गरेको भन्दा मलाई रिस उठी मैले बोकेको बहनाले निज मृतक चमेली माझीको टाउकोमा हान्दा सोही ठाउँमा लडिन् र पुनः निजको पेटमा हान्दा निजको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी केदार माझीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

## प्रश्न नं. ६७

५) रामबहादुर माझीसमेतको मौकाको कागज

६) घटनास्थल लास जाँच मुचुल्का, बरामदी मुचुल्का, जाहेरी दरखास्त, पोष्टमार्टम रिपोर्ट प्रतिवादीको बयान, अनुसन्धानको क्रममा बुझिएका मानिसहरूको कागजसमेतका आधार प्रमाणबाट प्रतिवादी केदार माझीले पसल गरीरहेकी मृतक चमेली माझीलाई डुङ्गा चलाउने बहनाले कुटपीट गरी निज मृतक चमेली माझीको घटनास्थलमा नै मृत्यु भएको तथ्य सिद्ध हुन आएकोले निज प्रतिवादी केदार माझीलाई मुलुकी अपराध सहिंताको दफा १७७ को विपरीत कसुर गरेको हुँदा सोही संहिताको दफा १७९(क) बमोजिम हदैसम्मको कैद संजाय होस भन्ने व्यहोराको ो अभियोगपत्र ।

७) म प्रतिवादी केदार माझीको अदालतमा इन्कारी बयान ।

८) रामेछाप जिल्ला अदालतको फैसला ।

९) प्रतिवादी केदार माझीको मिति  गते पुनरावेदनपत्र ।